म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २४४ सोमबार ३ बैशाख २०८१ ने. सं. ११४४ चौलाथ्व 15 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## साहित्य सङ्गमलाई एक लाख सहयोग

हेटौंडा, २ वैशाख/मकवानपुरको अग्रणी साहित्य संस्था साहित्य सङ्गम मकवानपुरलाई डा.गणेश लामाले एक लाख रुपैयाँ सहयोग गरेका छन् ।

लामाले प्रदान गरेको रकमबाट अक्षयकोष निर्माण गरिएको सङ्गम अध्यक्ष डीबी बर्तौलाले बताए । कोषबाट वार्षिकरुपमा प्राप्त व्याजबाट उत्कृष्ट प्रतिभालाई सम्मान गर्ने गरी 'डा.गणेश लामा प्रतिभा सम्मान' स्थापना गरिएको उनले जानकारी दिए । प्रतिभा सम्मानको राशी १० हजार रुपैयाँ रहेको छ ।

लामाले सङ्गम परिवारलाई विश्वास गरेकोमा बर्तौलाले खुशी व्यक्त गर्दै सङ्गमको तर्फबाट धन्यवाद दिए । यो कार्यमा सङ्गमका सल्लाहकार निमेष निखिलले पहल गरेका थिए । बर्तौलाले सङ्गममार्फत साहित्यिक उन्नयनमा निरन्तर लागि रहेको बताए ।

# महासंघलाई नगरपालिकाले जग्गा नदिने, सभागृह पनि फिर्ता

साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङमा नेपाल उद्योग वाणिज्य महासंघको भवन नबन्ने भएको छ । महासंघले केही समयअघि भवन निर्माण गर्न शिलान्यास गरेको थियो ।

महासंघलाई दिने भनिएको जग्गा नगर कार्यपालिकाको मिति २०७८।१२।१६ गतेको निर्णय बमोजिम नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश कार्यालय भवन निर्माणार्थ उपमहानगर पालिकालाई आवश्यक पर्दा फिर्ता लिने गरी सिफारिस गरिएको थियो । हाल जग्गा हेटौंडा उपमहानगर पालिकालाई आवश्यक परेको हुँदा महासंघलाई भवन निर्माणार्थ सिफारिस गरिएको जग्गा फिर्ता लिने निर्णय गरेको छ । उद्योगी व्यापारीको छाता संगठन महासंघले भवन निर्माण कार्य सुरु गरिसकेपछि उपमहानगरपालिकाले जग्गा दिन नसकिने निर्णय गरेको हो ।

हेटौंडा उपमहानगरको आइतबार बसेको कार्यपालिका बैठकले महासंघलाई जग्गा नदिने निर्णय गरेको हो । हेटौंडा उपमहानगरपालिका कार्यालय पछाडिको जग्गा मिति २०७७/१/१४, च.नं. ६६०६ को पत्रबाट बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सभागृह निर्माण गर्न उपलब्ध गराएको थियो । कार्यपालिका बैठकले यो जग्गा पनि फिर्ता लिने निर्णय गरेको छ । हाल यो जग्गा हेटौंडा उपमहानगरलाई नै आवश्यक रहेको हुँदा जग्गामा निर्माण हुने सभाहलको स्वामित्व र जग्गाको भोगाधिकार हेटौंडा उपमहानगरपालिकाको नै हुने गरी निर्माण सम्पन्न गरी हस्तान्तरण गरी दिनको लागि बागमती प्रदेश सरकारसमक्ष पत्राचार गर्ने निर्णय भएको उपमहानगरका प्रवक्ता सबिन न्यौपानेले बताए ।

कार्यपालिका बैठकले हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने क्रममा हालसम्म भएको प्रगतिको समीक्षा गर्दै वडा नं. ११ र १४ को बालबालिकाको लागि पञ्चवर्षीय आवधिक योजना २०८०/८१ देखि २०८४/८५ स्वीकृत गर्ने निर्णय गरेको छ । हेटौंडा उपमहानगरपालिका-१८ मा पुष्करबहादुर भण्डारीको नाममा रहेको साविक हटिया गाविसको कि.नं. ३०३४ को ज.वि. ०-७-८-० जग्गा हेटौंडा उपमहानगरको मापदण्ड अनुसार बाटो सार्वजनिकको लागि पेश हुन आएकोमा उपमहानगरको मापदण्ड बमोजिम हुने गरी प्रतिकठ्ठा २५ हजार रुपैयाँ राजस्व लिई जग्गा विकास कार्यक्रमको प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ ।

हेटौंडा उपमहानगर कार्यपालिकबाट मिति २०८०।०३।०१ गते नगर प्रहरीका ५ जना वैकल्पिक उमेदवारलाई कार्यालयलाई तत्काल आवश्यक परेको भनी सेवाकरार गरी काममा लगाइएकोमा ५ जना नगर प्रहरीलाई सेवाबाट अवकाश गरी कार्यालयलाई आवश्यक स्वीकृत संगठन संरचना र दरबन्दी तेरिज अनुसारको जनशक्ति सेवा करारमा प्रतिस्पर्धाको माध्यमबाट लिन विज्ञापन गर्ने निर्णय गरेको छ ।

नेपाल सरकारले राष्ट्रिय भूमि आयोग खारेज गरेको सन्दर्भमा आयोगसँग सम्बन्धित काम गर्ने गरी उपमहानगरले सेवा करारमा राखेका विभिन्न जनशक्तिलाई राष्ट्रिय भूमि आयोग गठन भई आएमा र बजेट व्यवस्था भएपछि पून: ती जनशक्तिलाई काममा फिर्ता बोलाउने गरी सेवाबाट अवकाश दिने निर्णय गरेको छ ।


'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) को व्यवस्था बमोजिमको प्रक्रिया पूरा गरी आएका डिजिएन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि, हेटौंडा-३, केवी ग्रुप अप इन्जिनियरिङ प्रालि, हेटौंडा-४ र सुवेदी ग्रुप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि, हेटौंडा-१४ लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने निर्णय गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-१६ आकाशधारा सडक खण्ड स्तरोन्नति कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (इआइए) को लागि सताब्दी इन्जिनियरिङ कन्सल्टेन्सी प्रालिले पेश गरेको कार्यसूची र हेटौंडा उपमहानगरपालिका-३ बसामाडीमा प्रस्तावित नेपाल आई प्रोग्राम द फ्रेण्ड होलोज इन्ट्रा-अकुलर लेन्स ल्याबोरोटोरी स्थापना कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (इआइए) को लागि तयार गरिएको कार्यसूची स्वीकृत गरी प्रारम्भिक वातावरणीय परीक्षणको बाँकी प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ ।

हेटौंडा उपमहानगरपालिकाले चालू आर्थिक वर्ष २०८०/८१ मा गरेको व्यय अनुमानका क्षेत्रगत केही शीर्षकमा बजेट अपुग भई विनियोजन गर्नुपर्ने भएको हुँदा प्रचलित कानून बमोजिम चालू आर्थिक वर्षमा खर्च नहुने शीर्षकबाट २५ प्रतिशत बजेट रकम रकमान्तर गरी अपुग शीर्षकमा खर्च गरी आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरेको छ ।

# हेटौंडा सिमेन्ट उद्योगको समस्या समाधानको पहल

साझाकुरा संवाददाता



हेटौंडा, २ वैशाख/ मकवानपुरका जनप्रतिनिधिले हेटौंडा सिमेन्ट उद्योग सञ्चालनको पहल गरेका छन् । उद्योगको समस्या र सञ्चालनको वातावण बनाउन जनप्रतिनिधिले सघीय सरकारसमक्ष पहल गरेका हुन् ।

संघीय सरकारको स्वामित्वमा रहेको हेटौडा सिमेन्ट उद्योगलाई आवश्यक बजेट उपलब्ध नहुँदा उद्योग सञ्चालनमा समस्या भइरहेको अवस्थामा नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधिले संघीय सरकारका मन्त्रीसँग समस्या समाधानको पहल थालेका हुन् । बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिंचाई मन्त्री एकालाल श्रेष्ठ र मकवानपुर २ का सांसद एवम् नेकपा एमाले संसदीय दलका प्रमुखसचेतक महेश बर्तोलाले उद्योग सञ्चालनका लागि सघीय सरकारका अर्थ मन्त्रीसमक्ष पहल गरेका हुन् ।

उद्योगको तर्फबाट समग्र ट्रेड युनियन नेपाल र नेपाल कारखान श्रमिक संघका प्रतिनिधिसहित मन्त्री श्रेष्ठ र साँसद बर्तोलाले अर्थमन्त्री वर्षमान पुन र उद्योग मन्त्री दामोदर भण्डारीसमक्ष आवश्यक बजेट उपलब्ध गराईदिन आग्रह गरेका थिए । पछिल्लो केही वर्षयता उद्योग लगातार घाटामा सञ्चालन भइरहेकोले कर्मचारीको तलब दिन समेत समस्या भएको अवस्था रहेको छ । यही अवस्थाले उद्योग सञ्चालन हुन नसक्ने बताउँदै उद्योग सञ्चालनको मोडालिटी चेन्ज गर्नुपर्ने सुझाव उनीहरुले दिएका छन् ।

बजेट अभावकै कारण उद्योगका २८ जना अवकासप्राप्त कर्मचारीले विगत २ वर्षदेखि प्राप्त गर्नुपर्ने सेवासुविधा प्राप्त गर्न नसकेको नेपाल कारखाना श्रमिक संघ हेटौडा सिमेन्ट उद्योगका अध्यक्ष विशाल नेपालले जानकारी दिए । यो वर्षपनि केही कर्मचारी अवकाश पाउने क्रममा रहेकोले निकै समस्या भोलिरहेको उनले बताए । नेपालका अनुसार तत्काल उद्योग सञ्चालनको लागि ६० करोड रुपैयाँ आवश्यक रहेको भन्दै ऋण मार्फत् नै भएपनि रकम उपलब्ध गराइदिन माग गरिएको छ ।

सरकारको पूर्णस्वामित्वमा रहेको उद्योगले २०३३ सालमा स्थापना भई २०४२ सालदेखि व्यावसायिक उत्पादन सुरु गरेको थियो । उद्योग स्थापनाकालमा नेपाल सरकारको जमानतमा एशियाली विकास बैंकबाट लिएको ऋण ७१ करोड ८८ लाख ८३ हजार २ सय अठसठ्ठी रुपैयाँमध्ये साँवा ५९ करोड ८८ लाख ८३ हजार २ सय अठसठ्ठी र ब्याज ७० करोड ३१ लाख १९ हजार ५ सय ४३ भुक्तानी भएको उद्योग प्रशासनले जनाएको छ । आर्थिक वर्ष २०७९/८० को अन्त्यमा १२ करोड साँवा र ३४ करोड ६९ लाख ३६ हजार ९०८ ब्याज भुक्तानी गर्न बाँकी रहेको लेखापरीक्षण प्रतिवेदनले देखाउँछ ।

लेखापरीक्षण प्रतिवेदन अनुसार स्थापनादेखि आ.व.०७८/७९ सम्ममा उद्योग करिव ९० करोड घाटामा गएको उद्योग प्रशासनले जनाएको छ । उद्योगको वार्षिक ५२ लाख बोरा सिमेण्ट उत्पादन क्षमता रहेकोमा गतवर्षमा ९ लाख बोरा सिमेण्ट बिक्री भएको बताइएको छ । चालु आर्थिक वर्षको हालसम्म लगभग ४ लाख बोरा मात्रै सिमेण्ट बिक्री भएको उद्योले जनाएको छ ।

# पाँच किमी दौडमा पुरुषतर्फ गोले र महिलातर्फ मगर प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २ वैशाख/ नयाँवर्षको अवसरमा सनिबार नेपाल तरुण दल हेटौंडा-६ वडा इकाई समितिले खुल्ला ५ किमि दौड प्रतियोगीता सम्पन्न गरेको छ ।

नयाँवर्ष २०८१ को अवसरमा आयोजित शुभकामना खुल्ला दौड प्रतियोगितामा बकैया गाँउपालिकाका राजकुमार गोले पहिलो हुन सफल भएका छन् । उनले १५ मिनेट ४७.०१ सेकेन्डमा दुरी पार गरेका थिए । उनले नगद १५ हजार सहित प्रमाणपत्र प्राप्त गरेका छन् । हेटौंडा-६ का सुदीप वाइबा दोश्रो हुन सफल भएका छन् । उनले १६ मिनेट ३७.८९ सेकेन्डमा दुरी पार गरेका थिए । उनले नगद १० हजार सहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

हेटौंडा-१५ का निसल तितुङ तृतीय हुन सफल भएका छन् । उनले १६ मिनेट ३७.९६ सेकेन्डमा दुरी पार गरेका थिए । उनले नगद ५ हजार सहित प्रमाणपत्र प्राप्त गरेका छन् । महिलातर्फ हेटौंडा-१३ का सविना आलेमगर प्रथम हुन सफल भएका छन् । उनले २२ मिनेट २५.०७ सेकेन्डमा दुरी पार गरेकी थिइन् । उनले नगद १५ हजार सहित प्रमाणपत्र प्राप्त गरिन् भने हेटौंडा-१३ का साधना लोप्चन द्वितीय भइन् । उनले २२ मिनेट ५३.८६ सेकेन्डमा दुरी पार गरिन् । उनले नगद १० हजारसँगै प्रमाणपत्र प्राप्त गरिन् ।

कार्यक्रममा बिजयी खेलाडीलाई नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए । नयाँवर्षको शुभकामना आदानप्रदानसँगै भएको कार्यक्रममा नेपाल तरुण दल हेटौंडा-६ का अध्यक्ष कमल कोइरालाको अध्यक्षता रहेको थियो भने बिभिन्न संघ संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७






साझाकुरा

## हाम्रो कुरा

# सत्ताकेन्द्रित राजनीति नगरौं

बिक्रम सम्बत २०८० सकिएर २०८१ सुरु भएको छ । राजनीतिक अस्थिरता, चरम भ्रष्टाचार, ठप्प विकास आयोजना, बढ्दो बैदेशिक ऋण, अनुत्पादक क्षेत्रमा लगानी, ब्यापारघाटा आदि कुरामा केन्द्रित रहेको गतवर्षलाई बिदाई गरिएको छ । यो अवस्था नयाँवर्षले पुनः भोग्नुपर्ने छैन भन्ने अपेक्षा गरौं । खेतबारीमा पसिना बगाउने किसानको सम्मान गर्ने र भ्रष्टाचार गरेर, राज्यकोष मासेर कमाएको सम्पत्तिलाई घृणागर्ने सद्बुद्धि दिने वर्ष बनोस् । सुशासन कायम भएको अवस्था नयाँवर्षले दिनेछ भन्ने अपेक्षा गरौं । आर्थिक उन्नतिको सूचकांकले फड्को मार्ने गरी काम गर्ने उत्साह, जाँगर मिलोस् । गतवर्ष आर्थिक मन्दीका कारण सबै क्षेत्र सुस्तायो । शुन्यवर्षका रुपमा रहेकोले फलदायी भएन वा हुन सकेन भन्नेहरुले पनि पनि २०८१ लाई सुखद् एबम् उपलब्धीमूलक बनाउन सकून् । २०८० साल बागमती प्रदेशका लागि अस्थिर ताको भुमरीमा रुमल्लिएको वर्षको रुपमा देखियो । छोटो अवधिमा २१ जना मन्त्री रेराफेरी गर्ने अवसर पायो । राजनीतिक नेतृत्वले नै संकट सिर्जना गरेको वर्ष २०८० को सुरुदेखि नै संघ र प्रदेशमा अस्थिरता देखियो । मुलुकमा राजनीतिक अस्थिरता बढ्दो छ ।

देशको मूल मुद्दा एकातिर अलमलिएको छ, राजनीतिक खिचातानी अर्कैतिर छ । राजनीतिक मुद्दाले देशलाई पछि धकेलिरहेको छ । एकपछि अर्को दलसँग गठबन्धन गर्ने खेल वर्षैभर भइरहेको छ । डेढ वर्षमा २१ जना मन्त्री बने पनि जनताले के पाए भन्ने सवाल उठिरहेको छ । यो बीचको महत्वपूर्ण समय उपलब्धिहीन भयो । प्रदेश सरकारले आफ्नो उपस्थितिको सार्थकता पुष्टि गर्नै सकेन । २५ पुस २०७९ मा एमाले-माओवादी-राप्रपासहितको समर्थनमा बागमती प्रदेशका मुख्यमन्त्री बनेका शालिकराम जम्मकट्टेलले २०८० सम्म आइपुग्दा २१ जनालाई मन्त्री बनाएर सत्ता टिकाउने प्रयास जारी राखे । मुख्यमन्त्रीले पछि कांग्रेस र एकीकृत समाजवादीसँग सहकार्य गरे । २३ फागुनमा कांग्रेस सरकारबाट बाहिरिएपछि पुनः एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी सम्मिलित सरकार बनाए । बागमतीमा ११ वटा मन्त्रालय र मुख्यमन्त्रीसमेत गरी १२ सदस्यीय मन्त्रिपरिषद् थियो । अहिले विनाविभागीय मन्त्रीसमेत गरी १३ सदस्यीय बनेको छ । डेढवर्षमा २१ मन्त्री बने पनि काम गर्न भने सकेनन् । प्रदेशसभाको बैठकमा यसको औचित्यमाथि पटकपटक प्रश्न उठ्यो । तेस्रोपटक १९ चैतमा विश्वासको मत पाएपछि २० चैतमा एमालेका चारजना मन्त्रीलाई शपथ गराउँदै जम्कट्टेलले सरकारलाई पूर्णता दिए तर, विनाविभागीय मन्त्री रमा आले मगरलाई मन्त्रालयको जिम्मेवारी दिन सकेनन् ।

डेढ वर्षको अवधिमा २१ जनालाई मन्त्री बनाउँदा केही सांसद मन्त्रीमा दोहोरिए । मुख्यमन्त्री जम्कट्टेलले तेस्रोपटक १५ चैतमा सरकार विस्तार गरे । केहीदिन अघिमात्र सरकारलाई पूर्णता दिएका उनले ३ जना नयाँ अनुहारलाई मन्त्री बनाए भने बाँकी पुनः सरकारमा फर्किए । आव २०८०/८१ सकिन तीन महिना बाँकी हुँदा ६७ करोड बराबरका ४३७ वटा टुक्रे योजना थपेको छ । थपिएका योजना ५ लाखदेखि ५० लाख बजेटसम्मका अर्थात वडास्तरबाट गरिने खालका छन् । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले १२ र २० चैतमा दुईपटक गरी सम्बन्धित मन्त्रालयमा थपिएका योजना प्रदेश सरकारको बजेट सूचना प्रणाली (पीएलएमबीआईएस)मा प्रविष्ट गर्न पत्राचार गरेको छ । समग्रमा वर्ष २०८० बागमती प्रदेशका लागि अस्थिरता र आलोचनाको वर्ष रह्यो । करिब डेढ वर्षमै २१ जना मन्त्री बने पनि काम गर्न नसक्केको भन्दै आलोचना खेप्नु परेको छ । स्थानीय सरकार जति बलियोरुपमा आउनुपर्ने हो त्यो देखिएन भने प्रदेश सरकारको औचित्यमाथि नै प्रश्न उठिरह्यो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख ४ गते मंगलबार १६ अप्रिल २०२४ । अष्टमी, चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४०, सूर्यास्त ६:२९ । सेतो मत्स्येन्द्रनाथको रथजात्रा (जवया:) चैत्राष्टमी ब्रत (चैते दशैं) । भक्तपुरमा छुमा गणेश यात्रा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा नयाँ योजना बन्नेछ | तुला | : रिसाउने बानीले काम बिग्रनेछ |
| वृष | : कठिनाई कम हुनेछ | वृश्चिक | : नोकरीबाट असन्तोष बढ्नेछ |
| मिथुन | : साथीभाइमा मनमुटाव हुनेछ | धनु | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कर्कट | : नयाँ काम समय देखिन्छ | मकर | : धार्मिक कार्यबाट प्रगति हुनेछ |
| सिंह | : सवारी साधनबाट क्षति हुन सक्नेछ | कुम्भ | : सहयोग गर्ने भावना आउनेछ |
| कन्या | : अधुरा काम सम्पन्न हुनेछ | मीन | : यात्राको लागि सुखद देखिन्छ |

# न्यायपालिकामा राजनीतिक प्रभाव



✍ श्यामप्रसाद मैनाली

नेपालमा हरक्षेत्रमा राजनीति हाबी भइराखेको छ । नेपाली सेना र अदालत राजनीतिबाट अलग रहेको अनुभूति जनताले गरिरहँदा यी दुईवटा निकायबाट निष्पक्ष कार्यसम्पादनको अपेक्षा गरिएको थियो । राजनीतिले आफ्नो प्रभाव जमाउन नेपाली सेनामा एकपटक ठूलै प्रयत्न गऱ्यो, त्यो षड्यन्त्रको सिकार षड्यन्त्रकारी नै बन्न पुगे । अदालतका न्यायाधीशहरुलाई निष्पक्ष र स्वतन्त्र हिसाबले काम गर्ने वातावरण दिइएको थियो । त्यसैले नेपालको न्यायपालिकाउपर नेपाली जनता केही हदसम्म भर परिरहेका थिए ।

राजनीतिले हिंस्रक पञ्जा फैलाउने प्रयत्न गर्दै सबै निकायहरुलाई राजनीतिक संगठनको कठपुतली बनाउँदै अघि बढ्ने गलत प्रवृत्तिलाई प्रयोग गर्ने प्रयत्न पटक-पटक हुँदै आएका छन् । यसले गर्दा बिस्तारै अब न्यायपालिकाप्रति पनि जनता सन्देह गर्न थालेका छन् । यसबाट समग्र लोकतन्त्रको मूल्य र मान्यता नै समाप्त हुने पाटोप्रति हाम्रा राजनीतिज्ञहरुको ध्यान पुग्न सकेको देखिएन । किनकि प्रायः सबै राजनीतिक दलहरु न्याय क्षेत्रलाई आफ्नो पक्कडमा राख्ने गन्तव्यतर्फ अभिमुख भइराखेका छन् ।

सर्वसाधारण नेपालीहरु सुसूचित हुने भनेकै सञ्चारमाध्यमबाट हो । सञ्चारमाध्यमबाट बेलाबखत अत्यन्त निरुत्साहित हुनुपर्ने समाचार सम्प्रेषण भइराखेको देखिँदै छ । उदाहरणका लागि अमुक दलले सर्वोच्चमा पक्कड जमाउने गरी आफ्नो दलप्रति आस्थावान् न्यायाधीशहरु नियुक्त गरेको छ । अब दश-पन्ध्र वर्षसम्म सर्वोच्च अदालतका प्रधानन्यायाधीश सोही दलप्रति मात्र भक्तिभाव राख्नेहरु छन् । सो दलको प्रभाव न्याय क्षेत्रमा बढ्नेछ ।

अर्को विश्लेषण सुनियो, नवनियुक्त न्यायाधीशहरु अमुक राजनीतिक दलको केन्द्रीय कार्यालयमा निर्देशन लिन उपस्थिति दिए रे, सर्वोच्च अदालतका न्यायाधीशहरुको नियुक्ति गर्दा अमुक दलको औपचारिक सदस्यता लिएका छन् । सोही व्यक्तिले सर्वोच्चका न्यायाधीश र पछि प्रधानन्यायाधीश हुने चाँजोपाँजोसमेत मिलाएका छन् । यसरी भएकामध्ये एक उक्त दलबाट सांसद भएकासम्म पनि परेका छन् । यस्ता दलका औपचारिक सदस्यता प्राप्त गरी राजनीतिमा क्रियाशीलता दिइराखेका व्यक्ति त्यस समयमा प्रधानन्यायाधीशको पूर्ण समर्थन लिन सफल भएको समेत विश्लेषण भइराखेको छ ।

विषय यत्तिकैमा सीमित छैन, एक प्रधानन्यायाधीशले मध्यरातिमा आफ्नै निवासमा न्यायाधीश नियुक्ति गर्ने एजेन्डा राखी न्याय परिषद्को बैठकको आयोजना गर्नुभयो । न्याय परिषद्सँग कुनै सम्बन्ध नभएका एक मन्त्रीलाई आमन्त्रण गर्नुभयो । न्याय परिषद्मा सदस्यका रुपमा रहेका वरिष्ठ न्यायाधीश र नेपाल बारबाट न्याय परिषद्मा प्रतिनिधित्व गर्नुहुने अर्का सदस्यले मध्यरातमा प्रधानन्यायाधीशको निवासमा बैठकमा उपस्थिति दिन असहज मान्नुभयो । उहाँहरू दुवै आधिकारिकरुपमा न्याय परिषद्को सदस्य हुनुभए पनि उहाँहरुको अनुपस्थितिलाई गौण मान्दै अनधिकृतरुपमा उपस्थिति दिएका मन्त्रीलाई विशेष आमन्त्रण भएको थियो । त्यहाँ मन्त्रीको उपस्थितिले धेरै ठूलो महत्व प्राप्त गरेको थियो । मिड नाइट जजेजका नामले प्रख्याति कमाएका न्यायमूर्तिहरूको नियुक्तिमा असम्बन्धित मन्त्रीको भूमिका निर्णायक रह्यो । यसरी सर्वोच्च अदालतका प्रधानन्यायाधीश नै अदालतमा राजनीतीकरण गर्न उद्यत् रहेको यो उदाहरण अपवादका रुपमा रहेको छ । स्मरण र होस्, उनै पूर्वप्रधानन्यायाधीश यस देशका ठूला सामाजिक अभियन्ताका रुपमा क्रियाशील भइराखेका छन् ।

सुनेका, चर्चामा आएका र विश्लेषण गरिएका कुराहरु सत्य साबित हुन आएमा न्याय क्षेत्रमा पूर्णरुपमा राजनीतीकरण हुनेछ । यसले न्यायपालिकाको गरिमामा हदैसम्म गिरावट आउँदै सम्पूर्ण न्याय सम्पादनको विषयसमेतमा प्रश्नचिह्न खडा हुनेछ । हालसम्मका दलीय क्रियाकलापहरु हेर्दा न्यायपालिकामा राजनीतीकरण हुँदै गएकोमा सन्देह देखिँदैन ।

न्यायपालिकालाई कमजोर बनाउने खेलमा को-को र कुन-कुन संस्थागत निकायहरु संलग्न हुँदै आएका छन त ? अध्ययनको विषय बनेको छ । सर्वप्रथम यो देशमा यस्तो दारुणिक दृश्य देख्नुपऱ्यो, न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका सबैको प्रमुख एउटै व्यक्ति बने । उनी राजनीतिक व्यक्तित्व थिएनन् । देशमा संविधानसभा एवं संसद् दुवैको अवधि समाप्त भइसकेको थियो । यस अवस्थामा व्यवस्थापिकाका प्रमुख नै मन्त्री परिषद्को अध्यक्ष र सर्वोच्च अदालतको प्रधानन्यायाधीश दुवैमा कायम रहे । औपचारिकरुपमा नै सर्वोच्च अदालतको प्रधानन्यायाधीश र मन्त्री परिषद्को अध्यक्ष बने । अनौपचारिकरुपमा व्यवस्थापिका संसद्को अभावमा त्यस निकायको प्रमुख पनि उनै थिए ।

यस्तो व्यवस्था लोकतन्त्रले आत्मसात् गर्ने बिलकुल होइन, गर्न मिल्दैन । तर न्यायपालिकामा लामो समय रहेर न्याय सम्पादनमा अब्बल नाम कीर्ति आर्जन गरी सर्वोच्च पदमा आसीन हुन सफल यी विद्वान्लाई मन्टेस्क्यूजस्ता विद्वान्ले भनेका भनाइहरुजस्तै विधायन र कार्यकारिणी शक्ति एउटै व्यक्ति वा निकायमा रहेमा स्वतन्त्रता कायम हुँदैन । न्यायिक अधिकारलाई विधायिका र कार्यकापालिकाबाट अलग गरिएन भने त्यहाँ स्वतन्त्रताको कल्पना नै गर्न सकिँदैन । तीनवटै अङ्गहरुका अधिकारहरु एउटै व्यक्ति वा निकाय वा व्यक्तिले प्रयोग गरेमा त्यहाँ सम्पूर्ण कुरा समाप्त हुन्छ । यो शक्ति पृथकीकरणको सिद्धान्त जसलाई प्रजातन्त्रको गायत्री मन्त्रका रुपमा लिइएको छ । यसको प्रयोग र व्याख्या धेरैपटक न्यायमूर्तिका हिसाबले मन्त्री परिषद्का अध्यक्षले गरिसकेका थिए । उनैबाट शक्तिपृथकीकरण र सन्तुलनको सिद्धान्तलाई शक्ति एकीकरणको सिद्धान्तले प्रतिस्थापन गर्ने काम भयो । यसमा सबै दलका नेतृत्व पंक्तिहरु ठूलो उपलब्धिका रुपमा लिँदै यही अनुरुप अघि बढ्न प्रतिस्पर्धामा उत्रिए । यसैलाई ठूलो लोकतान्त्रिक मूल्यका रुपमा स्वीकार गर्न पुगे । किनकि उनीहरु सबै आफूलाई ठूलो प्रजातन्त्रवादीका रुपमा प्रस्तुत गर्न रुचाउँथे । यसमा नेपालको लोकतन्त्रको मानमर्दन गर्दै हामी नेपालीहरुको असली अनुहार ऐनामा प्रस्टरुपमा देखाइदिने भूमिगत शक्ति थियो । जसले हाम्रा सबै नेताहरुलाई कठपुतली बनाइराखेको विश्लेषणसमेत सुनियो ।

यद्यपि यो सरकारले आफूलाई दिएको निर्वाचन सम्पन्न गराउने कार्य अत्यन्त सफलताका साथ सम्पन्न गऱ्यो । राजनीतिज्ञहरुको तुलनामा भ्रष्टाचारलगायतका गलत कार्यहरुमा समेत स्वच्छता देखिँदै गयो । यसको कार्यसम्पादनबाट सम्पूर्ण कर्मचारी जगत्ले नै हौसला प्राप्त गऱ्यो । किनकि राजनीतिज्ञहरुले गरिराख्ने आलोचनाबाट जिम्मेवारी प्राप्त गर्दा कर्मचारीहरु अत्यन्त दक्षताका साथ कार्यसम्पादन गर्दै राजनीतिज्ञलाई पाठ पढाउन सफल हुने अवसर यो सरकारको कार्यसम्पादनले दिएको थियो । एक कर्मचारीलाई नियुक्ति गर्न सर्वोच्च अदालत बाधक बनेको निष्कर्षमा पुगी प्रधानन्यायाधीशका विरुद्ध पेस गरिएको महाभियोगको प्रस्तावले सर्वोच्च अदालतलाई नै आफ्नो प्रतिष्ठा कायम राख्न कठिनाइ परिराखेको अवस्थामा तत्कालीन समयमा महाभियोगको प्रस्तावको सामना गरिराख्नुभएका प्रधानन्यायाधीशलाई अदालतमा आई आफ्नो कार्यभार सम्हाल्न मार्गप्रशस्त गरिदिने न्यायाधीशले नै महाभियोगको प्रस्तावको सामना गर्नुपरेको थियो ।

राजनीतिले सधैं न्यायक्षेत्रलाई आफ्नो नियन्त्रणमा राख्ने प्रयास गर्दै अघि बढेको छ । पञ्चायती समयमा निरपेक्ष राजतन्त्र भएका समयको अध्ययन गर्दा शक्तिपृथकीकरण र नियन्त्रण एवं सन्तुलनको सिद्धान्तको कुनै आभास पाइएन । किनकि निरपेक्ष राजतन्त्र कानुन र संविधानभन्दा माथि हुने गर्दथ्यो । २०४७ सालमा आएको संविधानले न्यायपालिकाको स्वतन्त्रता र गरिमालाई अत्यन्त सम्मान गरेको थियो । दोस्रो जनआन्दोलनपश्चात् नयाँ संविधान तयार पार्ने सन्दर्भमा न्यायमूर्तिहरुको कार्यसम्पादनको मूल्याङ्कन जनप्रतिनिधिहरुले गर्ने न्यायपालिकालाई संसद्को मातहतमा राख्ने दुष्प्रयास गर्ने सोचका साथ छलफल अघि बढेकै थियो । सर्वोच्च अदालत र संवैधानिक अदालत छुट्टाछुट्टै राख्ने गरी समानान्तर न्यायपालिका खडा गर्नेजस्ता प्रयासहरु भएका थिए । विद्यमान संविधानले पनि न्यायपालिकाको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गरी व्यवस्थापिकामा छलफलमा पठाउने, सर्वोच्च अदालतको प्रधानन्यायाधीश र न्यायाधीश नियुक्ति हुनुपूर्व संसदीय सुनुवाइ गर्ने व्यवस्था गरेको छ ।

विश्वभरि नै सम्बन्धित क्षेत्रका विज्ञ समावेश गरी न्याय परिषद् गठन गर्ने गरिएकोमा हाम्रो संविधानले कानुन तथा न्यायमन्त्री, प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त एकजना कानुनविद्, नेपाल बार एसोसिएसनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त गरिने वरिष्ठ अधिवक्ता वा अधिवक्ता गरी पाँच सदस्यीय परिषद्मा तीन सदस्यहरु सीधै राजनीतिकरुपमा नियुक्त हुने व्यवस्था छ । यसैले न्याय परिषदमा प्रधान न्यायाधीशभन्दा राजनीतिज्ञहरुको आवाजले मान्यता पाउने अवस्था बनाइएको छ । यसै गरी संवैधानिक परिषदमा समेत राजनीतिज्ञहरुकै हालिमुहाली छ । त्यस्तै अन्तर्राष्ट्रिय मान्यता विपरीत सर्वोच्च अदालतमा अस्थायी न्यायाधीशहरुको व्यवस्था गरी अस्थिरताको अवस्था सृजना गरेको पाइन्छ । यी महत्वपूर्ण निकायहरुमा सम्बन्धित क्षेत्रका विज्ञहरुलाई जिम्मेवारी दिने सोचाइ कहिल्यै भएन । त्यसैले क्रमशः लोकतान्त्रिक अवधिमा न्यायपालिकालाई कमजोर बनाउने सुनियोजित षड्यन्त्र भइराखेको देखिएको छ ।

यी सबै कुरा छाडी निष्कर्षमा भन्नुपर्दा जुन देशमा दलका सांसद, दलको कृपामा उम्मेदवार बनी निर्वाचित भएका बारका अध्यक्ष सर्वोच्च न्यायमूर्तिका रुपमा जिम्मेवारी प्राप्त गर्दछन्, न्यायमूर्तिहरु आफ्नो ओहोदाको प्रमाणपत्र पेस गर्न राजनीतिक दलको मुख्यालयमा निशङ्कोच पुग्छन्, न्यायपालिका कब्जा गर्न दलहरुका बीच प्रतिस्पर्धा हुन्छ र सर्वोच्च अदालतका प्रधानन्यायाधीश नै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सबै क्षेत्रको सर्वेसर्वा भन्न स्वीकार गर्दछन्, यसैमा गौरवान्वित हुन्छन्, त्यस्तो देशमा लोकतन्त्रको बारेमा गम्भीर हुनुपर्ने पालो सचेत नेपाली नागरिकहरुको जिम्मामा आएको छ । नेपालको राजनीति सदैव विध्वंशात्मक मात्रै देखिएको छ ।

यही अवस्थाले निरन्तरता प्राप्त गर्दै जाँदा न्यायपालिकाबाट सम्पादित हुने कामहरुमा राजनीतिक दलले नै निर्देशन गर्ने अवस्था आएको छ । तर उल्लेख भएका अतिरिक्त शाही शासनले आतंक मच्चाइराखेको अवस्थामा गैरसंवैधानिक शाही आयोगलाई खारेज गर्न अदम्य साहस देखाउन सफल र सक्षम न्यायमूर्तिहरुसमेत हाम्रो सर्वोच्च अदालतमै भेटिएका छन् । संविधानसभालाई निश्चित समयभित्र संविधान बनाउन निर्देशन गरी देशलाई संविधानविहीन अवस्थाबाट बचाउने न्यायमूर्तिहरुसमेत उपलब्ध छन् । तर अदालतमा हुँदै आएको राजनीतीकरणले न्यायपालिकालाई कमजोर बनाउँदै छ ।

नेपाल बारको सिफारिसमा न्यायाधीश नियुक्ति गर्दा कुनै पनि राजनीतिक दलसँग आबद्धता नभएका पेसाविद्हरूबाट मात्र चयन गरिनुपर्दछ । अहिलेको अवस्थामा न्यायपालिकामा राजनीतीकरणलाई शून्य बनाउने विकल्पहरुमा बहस प्रारम्भ हुनुपर्दछ । यदि राजनीतिबाट स्वतन्त्र भई कार्य गर्ने अवसर पाउने हो भने नेपालको न्यायपालिका सक्षम छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# सिंहदरबारभित्र देखिएको 'समाजवाद'

✍ डोरप्रसाद उपाध्याय "निर्मलकुमार"

एक दिन म एउटा काम विशेषले सिंहदरबार पुगेको थिएँ । मैले पहिला पहिला यसको नाम किन सिंहदरबार राखे होलान् भन्ने लागेको थियो । अहिले त्यो आशङ्का मेटिएको छ । त्यो दरबार मात्र सिंह जस्तो नभएर त्यहाँ बस्ने हरेक प्राणी सिंह जस्तै हुँदा रहेछन् । जसरी एउटा सिंह आफ्नो आहार खोज्न दिनभर जङ्गलमा भौंतारिन्छ ठिक त्यसरी नै सिंह दरबारका ती सिंहहरू पनि शेर बनेर बिचौलिया मार्फत आफ्नो आहारको खोजी गर्न व्यस्त हुँदा रहेछन् । हुन त म आफै सदनमा हुँदा होस् वा संसद्को सार्वजनिक लेखा समितिको सभापति हुँदा होस् त्यति बेला पनि मैले यिनै कुराहरूको अनुभूति गरिरहन्थे । तर यो पटक गहिरोसँग सिंहदरबारको अनौठो समाजवादसँग भिज्ने मौका पाएँ । करिब चार घण्टाको बसाइमा मैले हामी राजनीतिकर्मीहरुको त्याग, बलिदान र योगदानको स्मरण गर्ने जमर्को गरें । यहाँ मैले आफूले अनुभूति गरेका विषयहरू पार्टी निर्माणमा सहयोगी हुनेछन् भनेर नै शेयर गर्ने जमर्को गरेको छु।

समाजवाद भनेको कुनै अमूर्त कल्पना होइन । समाजवाद त सयौं वर्ष देखिको एकीकृत सामन्ती व्यवस्थाका विरुद्ध समानता र समावेशीकरणको आधारमा मुलुक र जनताको जीवन शैलीलाई उकास्ने , उत्पादन र वितरणमा सामूहिक स्वामित्व सिर्जना गर्ने अहिले सम्मकै वैज्ञानिक राजनैतिक आर्थिक प्रणाली हो । मुलुकको समृद्धि भौतिक विकासमा मात्र होइन,जनताको जीवन स्तरमा समेत मापन गरिन्छ । व्यवस्था परिवर्तनले गरिबी र अझ गरिबीको रेखामुनि रहेका जनतालाई माथि उकास्ने र मुलुकमा रोजगार सिर्जना गरेर 'राष्ट्र निर्माणमा मेरो रोजगारी' भने भाव पैदा गर्ने नीति र कार्यक्रम आजको पहिलो आवश्यकता हो । दिनभरि बिचौलिया भेटघाट गरेर आफूलाई व्यस्त राख्ने,स्वार्थ केन्द्रित कर्मचारीका पुरातन पर्खाल तोड्न नसक्ने,बाह्य दातृ राष्ट्रहरुको अनुदानमा रमाएर मुलुकको हित बिर्सने गरी गरिएको गतिविधिलाई समाजवाद भनिँदैन । फ्री भिसा फ्री टिकट भन्ने नाममा युवाहरूलाई बिदेसिन प्रोत्साहन गर्ने ,वंशका उत्तराधिकारी र गुटको समीकरणलाई पार्टी ठान्ने, कुनै पनि कुरा संस्थागत नगर्ने,पार्टीलाई गरिब बनाएर आफू मात्र धनी हुने विचार र प्रवृत्तिलाई पनि समाजवाद भनिँदैन ।

हो, सिंहदरबारमा यही समाजवाद छ । सुशासन र समृद्धि लागि सम्माननीय प्रधानमन्त्रीको बढ्दो सक्रियता,चासो र चिन्ता अनि जनताको पक्षमा काम गर्न दिएको कासनले पनि सिंहदरबार के मा झुमिरहेको छ ? जनताको चासो यही कुरामा बढी रहेको देखिन्छ । हुन त केही मान्छेहरू अनावश्यक काम लिएर दुःख दिन पनि जान्छन् होला ! कार्यकर्ता पनि बजेट माग्ने त्यही बजेट फेरी अर्कोलाई बेच्ने,योजना पनि बेच्ने र राजधानीलाई रङ्गिन बनाउनेहरू पनि छन् होला ! तिनीहरूबाट नै तपाईंहरूको घर पनि चलेको होला ! तर मूल नीति नै विजय मल्लको 'अन्तिम भोज'मा रमाए जस्तै गरी अरूलाई सुन्न ,बुझ्न नसक्नुले सिंहदरबार भित्रको 'समाजवाद' भनेर किन नभन्ने ? सुनदेखि सहकारीसम्म ,शरणार्थी काण्ड देखि फाइबर सम्मका आरोपितहरू वास्तविक समाजवादका धमिराहरु हुन् । यिनीहरूको काम आसेपासेहरू थुपारेर सिंहदरबारमा गोलो लगाउने मात्र हो भनेर जनताले किन नबुझ्ने ? चरित्र,कार्यशैली र बदनियत नबदली सिंहदरबार भित्रको त्यो फोहर सफा गर्न सकिँदैन है ।

राजनैतिक दलहरू बिचौलिया र दलालहरूको आश्रय स्थल होइनन् । दलहरूले सरकारमा हुँदा आफ्नो घोषणापत्र अनुसार र दलभित्र आफ्नो विधान अनुसार चल्न सक्नु पर्छ । पार्टीको विधान,पार्टीको आफ्नो मूल्य मान्यता र संस्थागत निर्णय अनुसार पार्टीलाई हिँडाउनु अहिलेको आवश्यकता हो । पार्टीका कार्यालयहरू बेकामे र बेखबर हुने तर एकथरी मान्छेले त्यही सूचना बेचेर खाने ,अक्तियारको दुरुपयोग गर्ने, नेतृत्वसँग फोटो खिचाउने र त्यही देखाएर अरुसँग रकम माग गरेर ठगी गर्नेहरूबाट पनि पार्टीलाई जोगाउनु पर्छ । अझ हाम्रो पार्टी यो परिवर्तनको प्रमुख संवाहक भएको नाताले पनि यसले आफ्नो आदर्शलाई जोगाउन सक्नु पर्छ । रणनीति अनुसार कार्यनीति र कार्यक्रममा चल्ने पार्टी नै दिगो र स्थिर हुन् सक्छ । भइपरी आउने कामलाई कार्यक्रम ठान्ने गल्ती कहिल्यै गर्नु हुँदैन । अझ संसदीय प्रणालीमा त विपक्षका विरुद्ध पहिलो, दोस्रो, तेस्रो योजना बनाएर चल्नु पर्छ । एक छिन रमाउने र कमाउने नीति रणनीति होइन । यसबारे हामी कहाँ चुकेका छौं ? समीक्षा गर्ने बेला आएको हो कि !

माओवादी केन्द्र लहडमा जन्मिएको पार्टी होइन । यसका हरेक सदस्यसँग रगतका छिटा पोतिएको छ । अंगभंग मात्र होइन कतिपयको परिवार समेत विघटन भएको छ । बेपत्ता र सहिदहरूको परिवारजन गणतन्त्रलाई नै उपलब्धि ठानेर पार्टीलाई सहयोग नै गरिर हेको छ । यस्तो सैर्षमय इतिहास भएको पार्टी प्रति जनताको आशा र भरोसा अहिले पनि जीवित छ । १२/१५ लाख जनताको मत अहिले पनि हामीसँग नै छ । हामी उठ्न सक्ने प्रशस्त आधारहरू छन् । एकल परिवारवादमा आधारित जहानियाँ निरङ्कुश शासनका विरुद्ध एउटा सानो शक्तिले विद्रोह गरेर यहाँसम्म आयौं भने अहिले त हामी त्यसको तुलनामा निकै बलिया छौं । कमजोर त हाम्रो सोच हो,चिन्तन हो, कार्यशैली हो र हामीले राख्ने बदनियत मात्र हो । हाम्रो चरित्र सफा हुँदा पार्टी प्रतिको विश्वास मात्र होइन आशा समेत बढ्छ कमजोर त आफू केन्द्रित रणनीति बनाउने,एकल निर्णय गर्ने, उपलब्धिमाथि एकल अधिकार जमाउने सोच र प्रवृत्ति मात्र हो । पार्टीका सबै अङ्गहरूको परि चालनबाट सही परिणाम आउन सक्छ भन्ने बुझ्न नसक्नु पनि हाम्रो अर्को कमजोरी हो । के दलहरूले राजनैतिक स्थायित्वको लागि आफ्ना खराब बानीहरू त्याग्न सक्छन् ? यस बारेको सङ्कल्पले मात्र नेपालमा राजनैतिक स्थिरता कायम गर्न सकिन्छ । यसबारे पनि केही सोच्ने कि !

नेपालको अहिलेको भू-राजनैतिक अवस्था, विश्व राजनीतिमा आएको उतार चढाव, आर्थिक मन्दी तथा भूमण्डलीकरणको प्रभाव नेपाली राजनीतिमा पर्ने स्वाभाविक नै हो । अझ हामी दुई विशाल छिमेकी देशको बिचमा अवस्थित छौं । एकल ध्रुवीय अमेरिकी साम्राज्यवाद आफ्नो वर्चस्व गुम्ने हो कि भन्ने चिन्ताले दक्षिण पूर्वका देशहरूमा आफ्नो प्रभाव विस्तार गर्दै चीनलाई घेरा हाल्ने रणनीतिमा लागिरहेको देखिन्छ । यस प्रकारको भूराजनीतिक अवस्थालाई मध्य नजर गरेर नै नेपाल नेपाल पथमा हिँड्ने रणनीति अँगाल्नु नै मुलुकको हितमा हुने कुरामा कुनै शङ्का छैन । मुलुकलाई राजनैतिक दलहरूले आफ्नो स्वार्थ र आपसी किचलोको सिकार बनाएर राजनीति गर्न खोज्नु मुलुकको निम्ति दुर्भाग्यपूर्ण हुन् सक्छ ।

यी र यस्तै कतिपय तथ्यहरू माथि विचार गरेर मात्रै समाजवादको आगामी यात्रा सुनिश्चित गर्न सकिन्छ । नेपाली जनताले खोजेको समाजवाद विचौलियातन्त्रमा आधारित दलाल नोकरशाही पुँजीको व्यक्तिगत उपयोगबाट पैदा हुने अराजकतावाद झन् हुँदै होइन । सिंहदर बारमा देखिएको 'समाजवाद' र जनताले खोजेको समाजवादमा कुनै साइनो सम्बन्ध छैन । दिन भरी आहार खोज्ने,रातभरि बिहार रोज्ने प्रवृत्तिलाई बेलैमा खारेज गर्न सकिएन भने केही समयपछि पार्टी 'अन्तिम भोज'को रात्रिपार्टीमा बदलिने छ । त्यति बेला पार्टी निर्माण र सम्मृद्धिबारे सोच्न धेरै ढिलाइ भैसकेको हुनेछ । त्यसो त माओवादी अहिलेको राजनीतिको मूल धार हो । संघीयता, धर्मनिरपेक्षता,समावेशी,समानुपातिक प्रणाली सहितको गणतन्त्र माओवादीकै बलिदानबाट प्राप्त भएका उपलब्धिहरू हुन् । सुशासन कायम गर्न प्रधानमन्त्रीबाट चालिएका कदम होस् वा सैंयता कार्यान्वयन गर्न गरिएको सक्रियता लगायतका पछिल्ला गतिविधि हेर्दा माओवादीको मूल नेतृत्व जनताको जीवन स्तर उकास्न इमानदार देखिएको छ । तर बाइसे चौबिसे राज्यका 'राजा' जस्ता बनेका वर्तमान क्याबिनेटका मन्त्रीहरू आफ्नै अहमताले छताछुल्ल भएका छन् । तिनलाई यति धेरै घमन्ड पलाएको छ कि जनताको समस्यामा भेटघाट गर्ने समय मिलाउन त के फोन उठाउन समेत त्यही घमन्डको पर्खालले रोक्छ र बिचौलियाहरूको 'विजय गान'मा उत्सव मनाई रहेका हुन्छन् । गणतन्त्र धराप मै परोस् तर आफू चाहिँ पदबाट हट्न नपरोस् भन्ने चाहाना बोकेर सिंहदरबार छिरेकाहरूबाट आउने वा ल्याउने 'समाजवाद' दलाल नोकर शाही पुँजीवादी चरित्रको र अहिले सिंहदरबार भित्र देखिएको वेथितिको विचौलिया समाजवाद मात्र हो । यस्तै विचार र प्रवृत्तिबाट सैंयता र गणतन्त्रमाथि घात हुन् सक्छ । नेतृत्वले बेलैमा ध्यान दिने कि ! मैले सिंहदरबार भित्र जे देखे, अनुभूति गरे, त्यही लेखेर त्यसैले आउनुहोस्,सबैले हातेमालो गरौं र मुलुकलाई वास्तविक समाजवादतर्फ हिँडौं ।

*(साभार: रातोपाटी)*

# वन्यजन्तु शिकार मुद्दामा बागमतीका सांसद खड्कालाई सफाई

साझाकुरा संवाददाता

हेटौंडा, २ वैशाख/पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र अवैध रुपमा प्रवेश गरी वन्यजन्तुको शिकार गरेको मुद्दामा बागमती प्रदेशका सांसद श्याम खड्काले सफाई पाएका छन् ।

खड्कासहित दुईजना प्रदेश सांसद र गाउँपालिका पूर्वअध्यक्षले सफाई पाएका हुन् । शिकारमा प्रयोग भएको सवारीसाधन र हातहतियार समेत जफत नगरी फिर्ता गर्ने फैसला भएको छ । सांसद खड्काले इन्कारी बयान दिएको, घटनास्थलमा पक्राउ नपरेको र अन्य कुनै प्रमाणबाट निजको संलग्नता पुष्टि हुन नसकेकाले आरोपबाट सफाई पाउने फैसला भएको हो ।

निकुञ्ज कार्यालयले वन्युजन्तुको अवैध चोरीसिकारीको घटनामा संलग्न रहेको आरोपमा बागमती प्रदेश काठमाडौं ५ (२) बाट प्रदेशसभा सदस्यमा निर्वाचित खड्कासहित, मधेश प्रदेश पर्सा ३ (१) का सांसद प्रमोदकुमार जयसवाल र सखुवाप्रसौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीप जयसवाललगायत ४७ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । २०८० पुस १७ मा निकुञ्जका वरिष्ठ संरक्षणअधिकृत रामचन्द्र खतिवडाले घटनास्थलमा रंगेहात पक्राउ परेका ५ सहित ११ जनालाई बिनाइजाजत निकुञ्ज क्षेत्रमा निलगाई तथा चित्तलको सिकार गरेको पुष्टि भएकाले दोषी ठहर गरेका छन् भने दुई सांसद र पूर्वगाउँपालिका अध्यक्षले भने सफाई दिएका हुन् ।

पक्राउ परेका प्रतिवादी झापसदास थारु, नवराज बस्नेत, विशाल सहनी, दामोदार अधिकारी, म्लाङडोङ तामाङ, प्रकाश केसी, सुलम मियाँअन्सारी, भोलाबहादुर थापामगरलाई ऐनको दफा २६(३) बमोजिम सजायको माग दाबी गरिएको थियो । २०७९ पुस ४ गते राति निकुञ्जको नियमित गस्ती गर्ने क्रममा सखुवाप्रसौनी-१ स्थित एउटा फार्महाउसबाट मृत जरायोको सिङसहितको टाउको र हतियारसहित ५ जनालाई निकुञ्ज र सेनाको टोलीले नियन्त्रणमा लिएको थियो ।

फार्महाउस प्रदेश सांसद प्रमोदकुमारको रहेको स्थानीयले बताएका थिए । उनका भाइ गाउँपालिका पूर्वअध्यक्ष प्रदीपको नाममा रहेको प्रदेश २-०३००१-च ३०९७ नम्बरको सेतो बोलेरो गाडी वन्यजन्तु चोरी तस्करीमा प्रयोग भएको निकुञ्जले दाबी गरेको थियो ।

# प्रेस सेन्टर मकवानपुरको कार्यालय उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, २ वैशाख/ नयाँवर्षको अवसर पारेर प्रेस सेन्टर मकवानपुर शाखाको कार्यालय उद्घाटन गरिएको छ । बागमती प्रदेश सामाजिक विकासमन्त्री कुमारी मोक्तानले कार्यालयको औपचारिक उद्घाटन गरिन् ।

मन्त्री मुक्तानले संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै मुलुकलाई समृद्ध बनाउन प्रेस जगतको महत्वपूर्ण भूमिका रहने बताइन् । उनले पत्रकारिता क्षेत्र सबल र सक्षम भए मात्रै मुलुकमा शान्ति, स्थायित्व र सुशासनको स्थापना हुने बताइन् । पछिल्लो समय पत्रकारिता पेशा नै संकटमा परिरहेको भन्दै उनले आमसञ्चार र पत्रकारिता क्षेत्रको हितका लागि बागमती प्रदेश सरकारको तर्फबाट सहयोग समन्वय गर्न तयार रहेको बताइन् ।

त्यस्तै बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले प्रेस सेन्टरको कार्यालय स्थापना भएसँगै संगठनको कामका साथै समाचार लेखन तथा पत्रकारको जमघट र अनुभव आदानप्रदान गर्ने थालेको रुपमा विकास गर्न सुझाव दिए । उनले कार्यालय स्थापना भएपछि छरिएर काम गर्दै आएका पत्रकारले एक ठाउँमा भेला भएर काम गर्ने वातावरण बनेको बताए ।

प्रेस सेन्टर मकवानपुर अध्यक्ष अञ्जली थापाको अध्यक्षतामा भएको कार्यक्रममा माओवादी केन्द्र मकवानपुरका सचिव बीरबहादुर घलान ज्वाला, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, पत्रकार महासंघका केन्द्रीय सदस्य सुनिल खड्का, प्रेस नेपालका केन्द्रीय अध्यक्ष मनोज ढोडरी, समाजवादी प्रेस संगठनका केन्द्रीय महासचिव रामकुमार एलन, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष नवराज शर्मा, भानुभक्त आचार्य, राममणि दाहाल, पत्रकार सम्वद्ध विभिन्न संघ संगठनका प्रमुख एवम् प्रतिनिधिको उपस्थिति थियो ।

# नेपाल-भारत विश्वमैत्री संघको शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता




हेटौंडा, २ वैशाख/ नेपाल भारत विश्वमैत्री संघ मकवानपुरको आयोजनामा नयाँवर्ष २०८१ को शुभकामना आदानप्रदान भएको छ । नयाँवर्षको दिन बैशाख १ गते संघका मकवानपुर अध्यक्ष निप्पु सर्राफको अध्यक्षतामा भएको शुभकामना आदानप्रदानमा भारतीय महावाणिज्यदुत शैलेन्द्र कुमारको प्रमुख आतिथ्यता रहेको थियो ।

प्रमुख अतिथि कुमारले नेपाल र भारतबीच गहिरो नाता भएको बताए । उनले नेपालको उद्योग ब्यापार क्षेत्रमा परेको समस्यामा आवश्यक छलफल गरी समाधानको पहल गरिने बताए । हेटौंडाको होटल सूर्यांशमा भएको कार्यक्रममा नेपाल भारत विश्वमैत्री संघका केन्द्रीय उपाध्यक्ष सुदर्शन अधिकारी, हेटौंडा उपमहानगरपालिका-१० का वडाअध्यक्ष फुर्वा लामाको बिशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार अग्रवाल, मकवानपुर उद्योग संघका अध्यक्ष बद्रीनाथ शर्मा, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यम सिलवाल, महावाणिज्यदुतका प्रथम महिला निलम कुमारी, मकवानपुर होटल एसोसिएसनका उपाध्यक्ष कल्याण पौडेल, नेपाल भारत विश्वमैत्री संघका कोषाध्यक्ष प्रवीण मैनाली, केन्द्रीय प्रतिनिधि सुनिल दाहाललगायत संघका पदाधिकारी, पत्रकार र बिभिन्न संघसंस्थाका प्रतिनिधिले शुभकामना आदानप्रदान सहित नेपाल र भारतको सम्वन्धको बारेमा चर्चा गरेका थिए ।

कार्यक्रममा नेपाल भारत विश्वमैत्री संघ मकवानपुरका अध्यक्ष सर्राफले नेपालको विकासका लागि पर्यटनको भूमिका महत्वपूर्ण रहेको बताए । उनले नेपालको पर्यटकीय क्षेत्रको विकासका लागि भरतले आवश्यक सहयोग गर्न अनुरोध गरे । नेपाल भारतबीचको गहिरो नाता सम्वन्ध भएको हुँदा नेपालको आर्थिक विकासका लागि भारतले खेल्नुपर्ने भूमिकाको सम्बन्धमा छलफल सहित शुभकामना आदानप्रदान गरिएको थियो ।

# घट्यो ब्याजदर, बढेन घरजग्गा कारोबार

काठमाडौं/घट्दो ब्याजदर र बैंकहरूले सहज कर्जा प्रवाह गर्दा पनि चालु आर्थिक वर्ष (आव) घरजग्गा कारोबारमा निराशा देखिएको छ । उच्च ब्याजदर, कर्जामा समस्या हुँदा पनि गत आवको तुलनामा चालु आव घरजग्गा कारोबारमा निराशा देखिएको हो ।

गत आव फागुनमा १३.०३ प्रतिशतसम्म पुगेको कर्जामा भारित औसत ब्याजदर चालु आव फागुन मसान्त आउँदा १०.७८ प्रतिशतमा झरेको छ । बैंकिङ प्रणालीमा ५ खर्बभन्दा बढी लगानीयोग्य तरलता छ । सरकारले चालु आव पहिलो त्रैसासमा भूउपयोग नियमावली संशोधन मार्फत जग्गा कित्ताकाटमा समेत सहजीकरण गरिसकेको छ ।

राष्ट्र बैंकले आवासीय घर कर्जा सीमा बढाउनुका साथै स्वीकृति लिएर सञ्चालन भएको आवास विकास परियोजनाको कर्जामा जोखिम भारसमेत घटाएको छ । नीतिगत रूपमा सहजीकरण गर्ने र कर्जा सहज बन्दै जाँदा पनि चालु आव घरजग्गा कारोबारमा भने सुधार देखिन सकेको छैन ।

समग्र अर्थतन्त्र नै अपेक्षित विस्तार हुन नसक्दा घरजग्गा कारोबारमा समेत सुधार देखिन सकेन । चालु आव घरजग्गा लिखत पारितमा वृद्धि भए पनि यसबाट संकलन हुने राजस्व भने बढ्न सकेको छैन । भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांक अनुसार चालु आव चैत मसान्तसम्म ३ लाख ८० हजार १ सय ७५ लिखत पारित भएको छ । उक्त लिखत पारित हुँदा २९ अर्ब १९ करोड ३५ लाख रुपैयाँ राजस्व संकलन भएको छ ।

गत आव चैतसम्म ३ लाख २१ हजार ३ सय ७ वटा लिखत पारित हुँदा ३० अर्ब २ करोड २५ लाख राजस्व संकलन भएको थियो । बैंकले एकल अंकको ब्याजदरमा नै घर कर्जा अफर ल्याइरहेका छन् भने अहिले निमार्णको उपयुक्त समयमा समेत घरजग्गा कारोबारले गति लिन नसकेको तथ्यांकले देखाउँछ ।

लिखत पारितले चालु आव घरजग्गा कारोबार संख्यात्मक रूपमा राम्रो सुधार भएको देखाउँछ । जग्गा मूल्यांकन बढी भएको भन्दा कम भएको स्थानमा कारोबार वृद्धि हुँदा लिखत पारित संख्या बढे पनि कारोबार राजस्वमा वृद्धि हुन नसकेको घरजग्गा व्यवसायी बताउँछन् । विभागका अधिकारीहरू बढी मूल्यांकन भएको सहरी क्षेत्रभन्दा कम मूल्यांकन भएको ग्रामीण क्षेत्रको जग्गा कारोबार बढेर राजस्व कम भएको हुन सक्ने बताउँछन् ।

यस्तै लिखत पारितमा दृष्टिबन्धक अशंबन्डा लगायत अन्य कारोबार पनि हुने भएकाले लिखत पारित हुँदैमा सबै राजीनामाका लिखत मात्रै नहुने भएकाले पनि लिखत पारित बढ्दैमा जग्गा कारोबार वृद्धि नहुने उनीहरूको तर्क छ ।

दृष्टिबन्धक लिखतमा रजिस्ट्रेसन दस्तुर नलाग्ने र शुल्क मात्रै लाग्ने हुँदा दृष्टिबन्धक लगायत कारोबार बढ्दा राजस्व बढ्दैन । यस्तै बागमती प्रदेशमा सहकारी दृटिबन्धक लिखतमा शुल्क पनि नलाग्ने आदेश सर्वोच्च अदालतबाट आएका कारण राजस्व प्रभावित भएको विभागको बुझाइ छ ।

घरजग्गा किनबेचमा लाभकर र रजिस्ट्रेसन दस्तुर जति अंशबन्डामा नहुने भएकाले अंशबन्डाले लिखत पारित वृद्धि हुँदा राजस्वमा कम योगदान हुने विभागले जनाएको छ । नेपाल राष्ट्र बैंकले घरजग्गा कारोबार सहज बनाउने भन्दै चालु आवको मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा मार्फत ५० लाखसम्मको आवासीय घर कर्जाको कर्जा आम्दानी अनुपात बढाएको छ ।

आम्दानीको ५० प्रतिशत मासिक किस्ता हुने गरी मात्रै कर्जा लगानी गर्न पाइने व्यवस्थालाई ६० प्रतिशत बनाइएको छ । यस्तै धितो मूल्यांकन आधारमा कर्जा पाउने सीमा (लोन टु भ्यालु रेसियो) पनि उपत्यकाभित्र ३० प्रतिशतम्म झारेकोमा त्यसलाई बढाउँदै लगेर ५० प्रतिशत कायम गरिएको छ ।

यस्तै आवासीय कर्जा सीमा १ करोड ५० लाखबाट बढाएर २ करोड पुर्‍याइएको छ । यस्तै रियल इस्टेट सम्बन्धी कर्जाको जोखिम भार १ सय ५० बाट घटाएर १ सय २५ प्रतिशत कायम गरिएको छ ।

व्यवसायीहरू घरजग्गा कारोबार बढ्न आवासीय घर कर्जाको लोन टु भ्यालु रेसियो र कर्जा आम्दानी अनुपातमा अझै लचिलो नीति चाहिने बताउँछन् । यस्तै कर्जाको जोखिम भार पनि अझै घटाउनुपर्ने उनीहरूको तर्क छ ।

नेपाल जग्गा तथा आवास विकास महासंघ अध्यक्ष भेषराज लोहनी समग्र अर्थतन्त्रमा नै 'कन्फिडेन्ट लुज' हुँदा त्यसको प्रभाव घरजग्गा कारोबारमा परेको बताउँछन् । विगतमा घरजग्गा मूल्यमा अस्वभाविक वृद्धि भएपछि राष्ट्र बैंकले त्यसलाई नियन्त्रण गर्ने नाममा कठोर नीति अवलम्बन गर्दा त्यसको प्रभाव घरजग्गामा परेको उनको तर्क छ ।

'घरजग्गाको मूल्य नियन्त्रण गर्न जरुरी थियो,' उनले भने, 'राजस्व कसरी पारदर्शी बनाउने जस्ता कुरामा एउटा सिस्टम बनाउन जरुरी छ । तर, त्यसमा सरकारी पक्षबाट त्यस्ता नीति नबन्दा राष्ट्र बैंकबाट मूल्य नियन्त्रण गर्ने काम भयो । जसले घरजग्गा व्यवसायमा समस्या देखियो ।' मूल्य नियन्त्रण गर्न राष्ट्र बैंकले रियल इस्टेट कर्जा प्रवाहमा नियन्त्रण गर्दा समस्या परेको उनको तर्क छ । 'रियल स्टेटमा कर्जा आम्दानी अनुपात ५० प्रतिशत हुने गरी कर्जा दिनुपर्ने व्यवस्था भयो । यसलाई बढाउन ८० प्रतिशत बनाउनुपर्छ । घर बनाउने परिवारले अन्य खर्च कटौती र भाडा तिर्नु नपर्दा ५० प्रतिशतभन्दा बढी किस्ता तिर्न सक्छ,' उनले भने, 'घर कर्जाको ब्याजदर एकल अंकमा आउँदा पनि कर्जा जान नसक्नुको कारण यही हो ।'

यस्तै 'फेयर मार्केट भ्यालु' मा कडाइ हुँदा समेत घर जग्गा व्यवसायमा लगानी हुन नसकेको उनको भनाइ छ । धितो मूल्यांकनको ५० प्रतिशत मात्रै कर्जा दिन सक्ने व्यवस्था रहेको र उक्त मूल्य बजार मूल्यको एकतिहाइ पनि नहुने भएकाले दुई तिहाइ लगानीमा घरजग्गाको ठूलो आयोजना सञ्चालन हुने नसक्ने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# वानएक्स बेटिङमार्फत सट्टेबाजी खेलाएको आरोपमा ३ जना पक्राउ

काठमाडौं/वानएक्स बेटिङ एपमार्फत सट्टेबाजी खेलाएको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सर्लाहीको मलंगवा नगरपालिका-९ का ३१ वर्षीय सञ्जयकुमार साह, सोही ठाउँका १९ वर्षीय रामजी साह र मलंगवा-१० का ३० वर्षीय राकेश चौधरी छन् । उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो ।

उनीहरुले अहिलेसम्म ५७ करोड ४१ लाख ५७ हजार १४७ कारोबार गरेको देखिएको छ । यो समूहले सट्टेबाजी खेलाउनुका साथै क्रिप्टो करेन्सीको समेत कारोबार गरेको देखिएको अपराध अनुसन्धान कार्यालयका एसपी तथा प्रवक्ता रवीन्द्र रेग्मीले बताए ।

# सहिद स्मारक रातको १० बजेसम्म खुल्ने

साझाकुरा संवाददाता



हेटौंडा, २ वैशाख/ देशकै चर्चित पर्यटकीयस्थलको रुपमा रहेको हेटौंडा-११ स्थित सहिद स्मारकमा नाइट लाईट जडान गरिएको छ । नयाँवर्ष २०८१ बाट रातको १० बजेसम्म सञ्चालनमा ल्याइएपछि स्मारक क्षेत्रमा अब रात्रिकालीन समयमा पनि घुमफिरको सुविधा प्राप्त भएको छ ।

लाईट जडानको पहिलो चरणअर्न्तगत अहिले स्मारकको तल्लो भागमा घुम्नको लागि ब्यवस्थापन गरिएको छ । तल्लो भागमा रहेको पुल, सहिद पार्क, चिडियाखाना लगायतको क्षेत्रमा बत्ति जडान गरी झिलिमिलि बनाइएको स्मारक विकास समितिले जनाएको छ । नयाँवर्षको पहिलो दिन रात्रिकालीन समयमा घुम्न आउनेको संख्या उल्लेख्य रहेको सहिद समितिले जनाएको छ ।

समितिका अध्यक्ष एवम् बागमती प्रदेशमा पूर्वमुख्यमन्त्री डोर मणि पौडेलले रात्रिकालीन समयमा खुल्ला गरिएको सहिद स्मारकले पर्यटनको आगमन तथा विकासमा थप टेवा पुग्ने बताए । घुम्न मन भएका तर, दिनभर कामको ब्यवस्थताले समय निकाल्न समस्या भएका ब्यक्तिलाई पनि रात्रिकालीन समयमा घुम्नको लागि सहज वातावरण निर्माण हुने उनको भनाई छ ।

बाह्य पर्यटकले पनि रातिको समयमा स्मारकमा आएर मनोरञ्जन लिन सक्ने सुविधा दिइएको समितिका कार्यलय प्रमुख रामचन्द्र न्यौपानेले बताए । आम जनमानसको चाहना बमोजिम रात्रिकालीन समयमा पनि घुम्न मिल्ने गरी काम गरेको उनको भनाई छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट



Ready To Eat
हाम्रा विशेषताहरू:
ग्याँस ओभनबाट उत्पादन गरिने ।
हानिकारक धुवाँको असर नहुने ।
१२ प्रकारका घरायसी मसलायुक्त ।
तत्काल खान मिल्ने ।
खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।
सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# बागमतीमा नयाँ बजेटको तयारी, व्यक्तिलाई अनुदान दिने नीति हटाउँदै

साझाकुरा संवाददाता

हेटौंडा, २ वैशाख/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माणका लागि तयारी सुरु गरेको छ । बजेटको आकार, बजेटमा समावेश योजनाहरु र प्रदेशको खर्च र आम्दानीका बारेमा आइतबार विषयगत कार्यालयबीच छलफल भएको छ ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेल, आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाको उपस्थितिमा पूर्व बजेट छलफल भएको हो । कार्यक्रममा आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकता, प्रदेश सरकारका तुलनात्मक लाभका क्षेत्र, प्रदेश सरकारको राजस्व दायरा विस्तार, १५ औं योजनाका लक्ष्य र प्रदेश सरकारको बजेटको तादात्म्यता, दिगो विकासका स्थानीयकरणका पक्षहरु, अति कम विकसित क्षेत्रलाई प्राथमिकता, आयोजना व्यवस्थापन र परियोजनाचक्रका सुधारका क्षेत्र र नवीन तथा रणनीतिक महत्वका सम्भावित आयोजना र कार्यक्रममाथि छलफल भएको थियो ।



मुख्यमन्त्री जम्कट्टेलले व्यक्तिलाई अनुदान दिने प्रणालीलाई अवलम्बन नगरी अब समुदायलाई नै अनुदान तथा ऋण दिने नीति ल्याइने बताए । उनले महिलाको उद्यमशीलतालाई जोड दिने, दलित र चेपाङ समुदायलाई विशेष ध्यान दिने र हरेकवर्ष कार्यक्रम नफेरी निरन्तरता दिने छलफलमा बताए । आर्थिक मामिला तथा योजनामन्त्री थपलियाले बजेट सन्तुलित र समानुपातिक ढंगमा विनियोजन गर्ने बताए ।

बजेट खर्चलाई बढी न्यायोचित र दीर्घकालीन प्रभाव पार्ने गरी अगाडि बढ्ने मन्त्री थपलियाको भनाई थियो । स्थानीय र संघीय सरकारबीच समन्वय गरेर विकास निर्माण कार्यलाई संस्थागत गर्ने समेत मन्त्री थपलियाले बताए । मन्त्रालयले छलफलबाट प्राप्त सुझावलाई प्राथमिकता दिँदै आगामी आर्थिक वर्षको बजेट तयार पार्ने उनले विश्वास दिलाए ।

छलफलमा नेपाली कांग्रेस बागमती प्रदेशका प्रमुखसचेतक गोबिन्द लम्साल, नेकपा एमालेका मुख्यसचेतक मदुसुधन पौडेल, नेकपा माओवादी केन्द्रका मुख्यसचेतक रत्नप्रसाद ढकाल, राप्रपाका प्रदेशसभा सदस्य गिरबहादुर तामाङ, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा.पुष्प कंडेल, आर्थिक मामिला तथा योजाना मन्त्रालयका सचिव प्रकाश दाहाल, डा. चन्द्रमणि अधिकारी, डा. तिलचन्द्र भट्टराई, डा.रामचन्द्र ढकाल, डा.कपिलदेव सुवेदी, डा. ध्रुबराज पोखेल, प्रदेश कोष तथा लेखा नियन्त्रक हरि उपाध्याय, मन्त्रालयका उपसचिव लक्ष्मी रिमाल लगायतको उपस्थिति थियो ।

## थाहामा पानीमा डुबेर एक जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २ वैशाख/ मकवानपुरको थाहा नगरपालिका-४ धारापानीस्थित खोलामा डुबेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही वडाको नारायणझ्याउ बस्ने ७२ की लाक्पा शेर्पा रहेकी छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार आइतबार बिहान करिब १० बजेको समयमा धारापानीस्थित खोलामा जम्मा भएको पानीको खोल्सामा शेर्पा मृत भेटिएकी थिइन् । मृतकको श्रीमान् श्यामबहादुर थिङले घटनास्थलमा आएर सनाखत गरेको प्रहरीले जनाएको छ । घटनास्थलको मुचुल्कापछि शव पोष्टमाटमका लागि हेटौंडा अस्पताल ल्याइएको प्रहरीले जानकारी दिएको छ ।

## हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड
हेटौंडा, मकवानपुर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !

सूचना प्रकाशित मिति : २०८१/०१/०३

यस बोर्डबाट कार्यालयको लागि आवश्यक पर्ने विभिन्न साइजको एच.डि.पि.ई पाइपहरु खरिद कार्य गर्नको लागी देहाय बमोजिमको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गर्ने आशयको लागी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय,**

| सूचना नं. | कामको विवरण | प्रस्तावदाताको नाम र ठेगाना | प्रस्ताव अंक |
|---|---|---|---|
| ३-२०८०/०८१ | विभिन्न साइजका एच.डि.पि.ई पाइपहरु खरिद तथा ढुवानी कार्य, खानेपानी बोर्डको कार्यालय, हेटौंडा वडा नं. २, हरिकुञ्ज रोड, मकवानपुर | श्री गोदावरी प्लाष्ट्रोक्राफ्ट इण्डष्ट्रिज प्रा.लि., हेटौंडा, मकवानपुर | रु. ९२,७४,१३६।- (मु.अ.कर समेत) |

# हार्दिक समवेदना



जन्म: २०३१ चैत २५

**स्व. गणेशप्रसाद भेट्वाल**

देहान्त: २०८० चैत ३०

मकवानपुर उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष एवम् वर्तमान कार्यसमिति सदस्य **गणेशप्रसाद भेट्वाल**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**कृष्णकुमार गुप्ता, अध्यक्ष**
**एवम् मकवानपुर उद्योग वाणिज्य संघ परिवार**
**हेटौंडा, मकवानपुर**

# पालुङ बहुउद्देश्यीय सहकारीले बाँड्यो ५४ लाख रुपैयाँ

साझाकुरा संवाददाता

हेटौंडा, २ बैशाख/ पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले संरक्षित पूँजी फिर्ताकोषको ५४ लाख रकम सदस्यलाई बाँडफाँड गरेको छ ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले आ.व. २०७९/८० को नाफाबाट सहकारी ऐन २०७४ को दफा ६९ अनुसार छुट्याएको ५३ लाख ६७ हजार रुपैयाँ सहकारी नियमावली २०७५ को दफा २५ अनुसार सदस्यलाई उपलव्ध गराइएको हो । सदस्यको वार्षिक बचत तथा कर्जा कारोवारको आधारमा यो रकम सदस्यलाई भुक्तानी गरिएको बताइएको छ । जसअर्न्तगत एकल सदस्यले बचतमा ७५ हजार भन्दा माथि र कर्जातर्फ २८ हजार भन्दा माथि प्राप्त गरेका छन् ।

जुन कर्जातर्फ प्रत्येक सदस्यले संस्थालाई भुक्तानी गरेको बार्षिक रकमको आधारमा २.३२ प्रतिशतले र बचततर्फ व्याज प्राप्त गरेको रकमको ३.९५ प्रतिशत हुन आउँछ । संस्थाले यस अगाडि नै शेयर लाभांश १२.५ प्रतिशत उपलव्ध गराएको थियो ।

बैंक तथा वित्तीय संस्थाको कारोवारमा यस्तो रकम फिर्ता नपाइने र सहकारी संस्थाको कारोवारको सुन्दरता नै नाफा शेयर सदस्यलाई मात्र लाभ नभई कारोवार गर्ने सदस्यलाई पनि लाभ प्राप्त गर्ने व्यहोरा सहकारीका सहव्यवस्थापक रामप्रासद ढकालले बताए ।

## श्री बज्रवाराही बचत तथा ऋण सहकारी संस्था लि.
थाहा नगरपालिका-६, टिष्टुङ,
बज्रवाराही, मकवानपुर

### ऋण चुक्ता गर्नेबारे ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना !

(प्रथम पटक प्रकाशित मिति:२०८१/१/३)

यस श्री बज्रवाराही बचत तथा ऋण सहकारी संस्थामा तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट उपभोग गर्नु भएको ऋण रकम संस्थासंग गर्नुभएको ऋण सम्झौताबमोजिम बुझाउनको लागी संस्थाबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहायबमोजिम सम्बन्धित ऋणी सदस्यले ऋण तिर्नेतर्फ पूर्ण वेवास्ता गरी चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । यो सूचनाको अवधिभित्र पनि ऋण तिर्न आनाकानी गरेमा अचल सम्पत्ति लिलाम बिक्री गरी उक्त ऋणको सम्पूर्ण साँवा, व्याज तथा हर्जना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई ऋण चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत् जानाकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो ऋण भुक्तान नभएमा ऋणीलगायत सम्बद्ध सबैलाई प्रचलित ऐन कानूनबमोजिम अन्य अचल सम्पत्ति लिलाम गरिने व्यहोरा जानाकारी गराउँदछौं ।

तपशिल

| क्र.सं. | ऋण शीर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पतिको विवरण | धितो सुरक्षण दिने व्यक्ति, ऋणी तथा जमानी कर्ताहरुको फोटो |
|---|---|---|---|---|
| १. | व्यवसाय | ऋणी सदस्य: पुर्ण बहादुर गोपाली<br>बुबाको नाम : गज बहादुर गोपाली<br>बाजेको नाम : हर्क बहादुर गोपाली<br>ना.प्र.न.: ३२५३<br>जारी मिति : २०३९/०९/२९<br>ठेगाना : हेटौंडा न.पा. वडा नं. ५<br>**व्यक्तिगत जमानीकर्ता**<br>नाम : धनकुमारी गोपाली<br>श्रीमान् : पुर्ण ब. गोपाली<br>सुसुरा : गज ब. गोपाली<br>ना.प्र.नं. : १११५<br>जारी मिति : २०४५/१/२३<br>ठेगाना: बज्रवाराही गा.वि.स. वडा नं. ६ | पुर्ण बहादुर गोपालीको नाममा मालपोत कार्यालय शिखरकोटमा श्रेस्ता कायम रहेको टिष्टुङ गा.वि.स. वडा नं. ३, कित्ता नं. : १९३१, १३२६, ९८७, १८३३ क्षेत्रफल. : ०-८-०-१, ०-५-१-०, १-७-३-०, १-०-०-२ क्रमश |   |
| २. | व्यवसाय | ऋणी सदस्य : राजकुमार बलामी<br>बुबाको नाम : नवराज बलामी<br>बाजेको नाम : हरिलाल बलामी<br>ना.प्र.प.न : ४४/६९२<br>जारी मिति : २०५३/११/१३<br>ठेगाना: बज्रवाराही गा.वि.स. वडा नं. २ | राजकुमार बलामी नाममा मालपोत कार्यालय शिखरकोटमा श्रेस्ता कायम रहेको टिष्टुङ गा.वि.स. वडा नं. १<br>कित्ता नं. : २५९१<br>क्षेत्रफल. : ०-५-०-३ |  |
| ३. | व्यवसाय | ऋणी सदस्य :मनहरी अधिकारी<br>बुबाको नाम : एक्काबहादुर अधिकारी<br>बाजेको नाम : तेज बहादुर अधिकारी<br>ना.प्र.प.न.: ४४/८७५<br>जारी मिति : २०५७/०३/१४<br>ठेगाना: बज्रवाराही गा.वि.स. वडा नं. ४<br>**व्यक्तिगत जमानीकर्ता**<br>नाम : निशा अधिकारी<br>बुबाको नाम: साईला रायमाझी<br>श्रीमान्को नाम : मनहरी अधिकारी<br>ना.प्र.न.: ३१-०१-७३-१३९६१<br>जारी मिति : २०७३/१२/७<br>ठेगाना : थाहा न.पा. वडा नं. ६ | मनहरी अधिकारीको नाममा मालपोत कार्यालय शिखरकोटमा श्रेस्ता कायम रहेको टिष्टुङ गा.वि.स. वडा नं. ५<br>कित्ता नं. : १३६८<br>क्षेत्रफल. :०-२-०-० र सो मा बनेको घर समेत |   |
| ४. | व्यवसाय | ऋणी सदस्य : मनहरी भट्ट<br>बुबाको नाम : बुद्धिसागर भट्ट<br>बाजेको नाम : चेतनाथ भट्ट<br>ना.प्र.प.न.: ३१४४/१००<br>जारी मिति : २०५२/१०/२५<br>ठेगाना: बज्रवाराही गा.वि.स. वडा नं. २<br>**व्यक्तिगत जमानीकर्ता**<br>नाम : बुद्धिसागर भट्ट<br>बुबाको नाम : चेतनाथ भट्ट<br>बाजेको नाम : कुबेर भट्ट<br>ना.प्र.प.न.: ३६५<br>जारी मिति : २०४३/८/२६<br>ठेगाना: बज्रवाराही गा.वि.स. वडा नं. २ | बुद्धी सागर भट्टको नाममा मालपोत कार्यालय शिखरकोटमा श्रेस्ता कायम रहेको बज्रवाराही गा.वि.स. वडा नं. २<br>कित्ता नं. : २<br>क्षेत्रफल. : १०५.६० बर्ग मिटर |  |
| ५. | व्यवसाय | ऋणी सदस्य : अन्जली बलामी<br>बुबाको नाम : दुर्गादास महर्जन<br>पतिको नाम : केदार बलामी<br>ना.प्र.प.न.: ३७/२५५८०<br>जारी मिति : २०६२/०४/२६<br>ठेगाना: बज्रवाराही गा.वि.स. वडा नं.२<br>**व्यक्तिगत जमानीकर्ता**<br>नाम: सुनमाया तामाङ<br>बुबा : कालु तामाङ<br>बाजे : रण बहादुर तामाङ<br>ना.प्र.प.न : २६५<br>जारी मिति : २०४४/११/१०<br>ठेगाना : टिष्टुङ गा.वि.स. वडा नं. ५ | अन्जली बलामी र सुनमाया तामाङको संयुक्त नाममा मालपोत कार्यालय शिखरकोटमा श्रेस्ता कायम रहेका टिष्टुङ गा.वि.स. वडा नं. १<br>कित्ता नं. : २८०४<br>क्षेत्रफल. : २-८-०-० |   |
| ६. | व्यवसाय | ऋणी सदस्य : हिरामती छुमी<br>बुबाको नाम : बिष्णु थिङ<br>पतिको नाम : शेर सि. छुमी<br>ना.प्र.नं. : ३१-११-६९/०००११<br>जारी मिति : २०६९/०८/२२<br>ठेगाना : मार्खु गा.वि.स. वडा नं. ८<br>**व्यक्तिगत जमानीकर्ता**<br>नाम : शेर सि. छुमी<br>बुबा : ईमान सि. छुमी<br>बाजे : विवाद सि. छुमी<br>ना.प्र.न : ३११०२३/५१६४१<br>जारी मिति : २०६५/०४/२९<br>ठेगाना : मार्खु गा.वि.स. वडा नं. ८<br>नाम : प्रताप सि. छुमी<br>बुबा : ईमान सि. छुमी<br>बाजे : विवाद सि. छुमी<br>ना.प्र.प.न : ३११०३१/९०४७२<br>जारी मिति : २०६८/०८/१८<br>ठेगाना : मार्खु गा.वि.स. वडा नं. ८ | शेर सि. छुमी र प्रताप सि. छुमी संयुक्त नाममा मालपोत कार्यालय शिखरकोटमा श्रेस्ता कायम रहेका मार्खु गा.वि.स. वडा नं. ४<br>कित्ता नं. : ३५०<br>क्षेत्रफल. : ०-३-१-० |    |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना